# जीवनको अर्थ : अर्थमय जीवन[1]

❖ अनुपम मिश्र

हिजोआज कुनै सभासम्मेलन हुनुअघि प्रायजसो दीयो बालेर प्रज्ज्वलित गरिन्छ । सायद यो अँध्यारो हटाउनुको प्रतीक हो – दीयो बालेर उज्यालो पार्ने । यसको एउटा अर्थ हो- हाम्रो वरिपरि ज्यादै अँध्यारो छ । अरू बेला यो अँध्यारो त्यति देखिन्न, जति कि साथीहरूसँग यस्ता सभामा बस्दा देखिन्छ । दीयो बालेर धेरथोर अँध्यारो हट्छ होला । सायद सँगै बसी राम्रा-मीठा कुरा गरेर तथा विचार- विमर्श गर्नाले अँध्यारो छाँटिन्छ होला । अझ भन्नुपर्दा जलपान गरेर पनि अँध्यारो हट्ला । यो हलुको कुरा हुन सक्छ । यसैले संस्कृतको एउटा सुक्ति यहाँ दिइएको छ । 'ओम सहना ववतु, सहनौ भुनक्त' आदि । कहिलेदेखि दीयो प्रज्ज्वलित गर्ने सुरु भएको थियो, थाहा छैन । यसै भन्न पनि सकिन्न । तर यस्तै प्रथा भने भएको पाइन्छ । पुराना जमानाका सभागोष्ठीमा आउने अतिथि स्वागतका निम्ति मञ्च अगाडि एउटा दीयो बालेर राखिन्थ्यो ।

एकपटकको कुरा हो । विनोबा भाषण गर्न कतै गएका थिए । उनको स्वागतका निम्ति मञ्चमा एउटा दीयो बालेर राखिएको थियो । हावा अलि जोडले चलिरहेको थियो । बत्ती निभ्छ कि भन्ने आयोजकहरूको चिन्ता थियो । बत्ती वरिपरि उभिई हत्केलाले छेकेर उनीहरूले बत्ती जोगाउने प्रयास गर्दै थिए । यतैतिर सबैको ध्यान थियो । किनकि अँध्यारो हटाएर उज्यालो पार्नु थियो । तर यति गर्दा पनि बत्ती जोगिएन, निभिहाल्यो ।

यही घटनालाई लिएर विनोबाले आफ्नो भाषण सुरु गरेका थिए । उनले त्यहाँ यस घटनाका बारेमा सङ्क्षिप्त कुरा गरेका थिए, " वरिपरि हावा शान्त

---

[1] यो लेखलाई पदम बहादुर थापाले नेपालीमा अनुवाद गर्नुभएको हो ।

छ भने मात्र बत्ती बल्छ अन्यथा बल्दैन । यदि हावा प्रतिकूल छ, हावाको गति तीव्र छ भने दीयो जोगिन सक्दैन, त्यो त निभ्छ नै ।" यसपछि उनले दीयोबारे भने, " हावा शान्त छ । दीयोमा तेल थोरै छ भने पनि जोगिइँदैन ।" यसरी विनोबाले पहिले हावा र त्यसपछि दीयोको बारेमा आफ्नो कुरा राखेका थिए । अन्तमा यही विषय लिएर उनी मानिसतर्फ आए । तेल अर्थात् चिल्लो पदार्थ वा भनौँ स्नेह । तैपनि यो यही अर्थमा बनेको शब्द हो । त्यसपछि आफ्नो कुरा अगाडि सार्दै उनले यसरी भने, "जसरी दीयोमा तेल र स्नेह चाहिन्छ, त्यसरी नै हामी सबैमा स्नेह हुनु जरुरी छ । दीयो बल्न बाहिरी हावा शान्त हुनुपर्छ र तेल पनि चाहिन्छ । ठीक यस्तै समाजको संरचना पनि शान्तिमय वातावरणमा हुनुपर्छ । र, हामी सबैमा स्नेहको मात्रा पर्याप्त हुनु जरुरी छ ? त्यसपछि मात्र हाम्रो जीवनको दीयो निरन्तर प्रज्ज्वलित भइरहन्छ ।

आज हामी जीवनको अर्थ बुझ्न यहाँ उपस्थित भएका छौँ । हामी सबैको जीवन त छँदैछ । तैपनि विजयजीले यस जीवनको अर्थबारे केही कुरा राखिदिन मलाई जिम्मेवारी दिनुभएको छ । त्यो पनि अरू कसैलाई नभनी मलाई मात्र भन्नुभएको छ । सर्वप्रथम म तपाई सबैका अघिल्तिर आफ्नो पोल आफैँ खोल्न चाहन्छु : मलाई स्वयं जीवनको अर्थबारे थाहा छैन । दास साहेब सेडेड संस्थासँग सम्बन्धित व्यक्ति हुनुहुन्छ । यस्तै अमृताबहन गान्धी शान्ति प्रतिष्ठानकी सदस्य हुनुहुन्छ । उहाँहरूजस्ता दुई–चारजनाले मलाई जीवनको अर्थबारे भाषण गरिदिन हुन अनुरोध गर्नुभएको थियो । एकपटक मात्र होइन, धेरैपटक । तर मलै उहाँहरूले गर्नुभएको अनुरोधलाई अस्वीकार गर्दै टार्दै गएँ । उहाँहरूले नै साक्षीका रूपमा यो कुरा भन्नु हुनेछ । तर यहाँ त विजयजीको कुरा छ । उहाँलाई लागेको कुरा उहाँले पूरा गराएर नै छोड्नुहुन्छ । एक किसिमले सोच्ने हो भने उहाँको यो तानाशाही नै हो । तर जे होस्, उहाँको इच्छा र आदेश पूरा गर्नु नै छ । अस्वीकारकर्ता (disclaimer) का रूपमा ।

मेरो अघिल्तिर कोही मभन्दा कम र कोही मभन्दा बढी उमेरका साथीहरू हुनुहुन्छ । आजको विषय छ–जीवनको अर्थ के हो ? तर यस प्रश्नको उत्तर हाम्रो उमेरले दिन सक्दैन अर्थात् उमेर काम लाग्दैन । सायद हामीले आफ्नो जीवनमा बटुलेको अनुभव काम लाग्ला । मैले जसरी जीवन बिताएँ, एक हिसाबले यस किसिमको अनुभव मैले प्राप्त गरेकै छैन । मसँग त्यो अनुभव छँदैछैन । पछिल्लो हप्तामा म अठसट्ठी वर्षको भएँ । अब कति बाँचिएला, त्यो थाहा छैन । तर तपाईहरूमध्ये कतिपयले अझै लामो उमेर पार गर्नुछ । तपाईहरूलाई आजको विषय काम लाग्न सकोस् भन्ने इच्छा विजयजीको छ । मैले यस्तै बुझेको छु । र, यो राम्रो कुरा पनि हो । तर हरि इच्छा, भगवानको इच्छा के छ ? यो त मलाई पनि थाहा छैन । खैर, छाडौँ यी सबै कुरा । तर यति त भन्नैपर्छ, जसले पौडी खेल्न जान्दैन, उसले नै पौडी खेल्न सिकाउने ? यस बारेमा मेरो त्यति गहिरो अनुभव पनि त छैन । यसो हुँदा यति थोरै पानीमा पौडी खेल्न सिक्दा र सिकाउँदा खासै डराउनुपर्ने कुरा पनि त भएन ।

एकपटक फेरि मैले सुरु गरेको कुरातर्फ फर्कौँ । पछिल्लो २००/३०० वर्षदेखि सारा संसारमा तीव्र गतिले हावा चलिरहेको छ । हावा त पहिले पनि चलिरहेकै थियो । तर तिनताका सारा संसार एक–अर्कासँग निकै टाढा थियो । कुनै एक देशको अर्को देशसँग खासै सम्पर्क थिएन । अरू देशको नामको अत्तोपत्तो नै थिएन । सङ्क्षिप्तमा भन्नुपर्दा सम्बन्ध-विच्छेद नै थियो । त्यो बेला हावा पनि टुक्रिएर बाँडिएको थियो । मानिसको जीवन पनि आजभोलिको जस्तो त्यति सजिलो र सहज थिएन । एउटा ठूलो जनसङ्ख्याका निम्ति । यति हुँदा पनि मानिसको जीवन त्यति कठिन र निरुद्देश्य पक्कै पनि थिएन । जस्तो कि हिजोआज देखिन्छ । यतिखेर हामीले यस संसारमा महान उद्देश्य र लक्ष्य लिएका छौँ । हामीले यसका निम्ति दीयो बाल्छौँ । तर तीव्र हावाको गतिले गर्दा त्यो त निभ्छ– निभ्छ । हामीले जाने जति सबै तरिका प्रयोग गर्छौँ, प्रयास गर्छौँ । हामीले आफ्ना हत्केलाले छोपेर बालेको दीयो जोगाउन खोज्छौँ । तर यो हावा नै यस्तै छ, जति

प्रयास गरे पनि निभिहाल्छ । सायद हाम्रो जीवनरूपी दीयोमा पानी नै पानी छ । तेल छैन, स्नेहको कमी छ । यसैले जीवन शिखा निरन्तर झिरझिर गरिरहन्छ, निभ्न खोज्छ । एकैनाससँग संयमित भएर बल्दैन । यसले गर्दा हामीले न त आफ्नो अँध्यारो हटाउन सक्छौँ, न त अरूको अँध्यारो नै । यही नै दुर्भाग्यको कुरा हो ।

हामी शिक्षित भनाउँदाहरूले नै जीवनको अर्थ बुझ्न खोज्छौँ । यो बुझ्ने प्रयास पनि गर्छौं । हामीलाई यसको अर्थ बुझ्ने प्रबल इच्छा पनि छ । अर्थमय जीवन कसरी प्राप्त गर्ने ? यही प्रश्नले कसैलाई पिरोलेको पनि छ । कसैको मनमा यसबारे खुल्दुली मच्चिरहेको पनि होला । यस प्रश्नको सही उत्तरका निम्ति आ–आफ्नो अन्तरात्मालाई सोधौँ, ध्यान दिएर अन्तरात्मालाई हेरौँ, अनि थाहा पाइन्छ– हामीमध्ये धेरैजसोको जीवन कोलको गोरुझैँ भएको छ । यसो हुनुमा हाम्रो हात छ कि छैन ? अथवा अरू कुनै अदृश्य शक्तिको हात पो छ कि ? म यसबारे केही भन्न सक्दिनँ । भनौँ, मलाई यसबारे रत्तिभर पनि थाहा छैन । अरू कसैले कोलका गोरुको आँखामा पट्टी बाँध्छ । यहाँ त हामीले आफैँ आफ्ना आँखामा पट्टी बाँधेका छौँ । फेरि के हुन्छ भने हरेक दिन एकैखालको उस्तै जीवनले गर्दा मानिस थाक्किन्छ । उसले थकाइ मार्न सक्दैन । दिल्लीमा गुड्ने गाडीलाई जोर–बिजोर आडईवन नम्बर दिइएको छ । यस नयाँ नियमले गर्दा गाडीले केही आराम गर्ने मौका पनि पाएका छन् । तर हाम्रो जीवनरूपी गाडीको कुनै नम्बर छैन । नम्बरबिनाको जीवन छ । र, यो जीवन निरन्तर चलिरहेकै छ । आधार कार्ड छ होला । यस्तै प्यान कार्ड र मतदाता परिचय होला, नागरिकता पनि होला । यति भएर पनि हाम्रो जीवनको नम्बर छैन । यसैले नदेखिने अदृश्य कोल वरिपरि कोलका गोरुझैँ हामी फनफनी घुमिरहेका छौँ ।

कुरा के भने एकैखालको जीवन व्यतित गर्दै जाँदा थकाइ लाग्छ । यसले गर्दा हामीले नयाँ–नयाँ कुरा सोच्छौँ । कोलको गोरुले आफ्नो उन्नति,

अवसर र नयाँ सार्थक अवसर खोज्छ । नयाँ प्याकेज ल्याउँछ । विजयजीले हिर्काउनुभयो भने गोरूले कोल वरिपरि फनफनी घुम्दै आफ्नो जीवनको अर्थ पनि खोज्न लाग्छ । कोलको गोरु त भइहाल्यो । यसै पनि त्यो घुमिरहन्छ । त्यसले यस विषयमा वक्तव्य दियो भने पनि अनौठो नमान्नु होला ।

कोल अनेक किसिमका हुन्छन् । कुनै महँगा हुन्छन् र कुनै सस्ता पनि । कसैमा कम घेरा हुन्छ भने कुनैको घेरा ठूलो हुन्छ । कैयन् किसिमका विचार र अनेक थरीका धर्म हुन्छन् । अरूभन्दा आफूलाई हरेकले श्रेष्ठ ठान्छ । सर्वोत्तम भएको कुरा गर्छ । र, यही कुरा गरेर उसले आफ्नो जीवन सफल र सार्थक भएको दाबीसमेत गर्छ ।

समाजको मूल (फेद) कमजोर हुँदै जान्छ । शाखाको सङ्ख्या बढिरहन्छ । रूखका हाँगाहरू हुन् भनी नसोच्नु होला । ती त सङ्घ, सङ्गठन र मञ्च आदिका हाँगाहरू हुन् । हरेक विचार र धर्मले आ-आफ्ना झण्डाहरू फहराइरहेका हुन्छन् । र, अरू झण्डाभन्दा अघि बढ्न चाहन्छन् । हामीले केही विचार मन पराउछौँ, राम्रो मान्छौँ । केही विचार भने तिरस्कार गर्छौँ । नराम्रो दृष्टिले हेर्छौँ । आफ्नो विचार कसरी फैलाउने ? यसैमा हाम्रो ध्यान गइरहेको हुन्छ । आफ्नो विचार फैलाउनु नै जीवनको सारा सार्थकता हो भन्ने ठम्याइँ हामीमा छ । कोही हिंसाको बाटोमा हिँड्छन् । उनीहरूले यसलाई परिवर्तनको साधन बनाएका हुन्छन् । उनीहरूले पनि आफ्ना शाखाहरू बढाइरहेका हुन्छन्, थपिरहेका हुन्छन् । र, अहिंसावादीमा पनि यही प्रवृत्ति देखिन्छ । यसरी सबैलाई आफ्नै सङ्गठन बढाएर ठूलो बनाउनुपरेको छ । सबै सङ्गठनको बजेट वृद्धि गर्न लागिपरेका छन् । कार्यकर्ता बढाउनु छ, कार्यक्रम र गतिविधि पनि बढाउनु छ । सबैलाई दिन दुना रात चौगुनाका हिसाबले उन्नति गर्नुपरेको छ । हामीले यसैमा आफ्नो जीवन सफल भएको ठान्छौँ ।

हामीले आफ्नो विचारका कमीकमजोरी देख्दैनौँ, त्यो देखिँदैन पनि । किनभने हाम्रो आँखामा पट्टी छ र त्यो पट्टी सधैँ लागिरहेकै हुन्छ । तर

हामीले अरूका विचारलाई एक्सरे गरेझैँ प्रस्ट देख्छौँ । हामीले सारा संसार देखौँ वा नदेखौँ । तर गीत त रचिएकै हुन्छ । र, मन लगाएर त्यो गीत गाइन्छ पनि- 'सारे जहाँ से अच्छा ....।' विनोबाजीले यस गीतमा एउटा महत्वपूर्ण कुरा थपेका छन्- 'सारे जहाँ से अच्छा क्योंकि हिन्दोस्ता हमारा ' यस 'क्योंकि' लाई आफ्नो जीवनबाट अलग गर्न सकिन्न । यो निकै कठिन काम हो । किनकि मेरो विचार, मेरो धर्म, मेरो संस्था, मेरो सङ्गठन, मेरो घर, मेरो समाज, मेरो देश र मेरा छोराछोरी । कतै-कतै त ज्वाइँ पनि ।

सयौं वर्ष पहिलेको कुरा हो । त्यतिखेर संस्कृत भाषामा एउटा नाटक लेखिएको थियो । त्यस नाटकको नाम 'मृच्छकटिकम' थियो । त्यसमा एउटा यस्तै सम्बन्ध देखाइएको छ । त्यो सम्बन्ध राजा र उनका सालाबीच हुन्छ । सङ्क्षेपमा भन्नुपर्दा किनकि मेरो कोल फनफनी घुमिरहँदा केही परिणाम त निस्किन्छ नै । केही तेल निस्किन्छ । धेरथोर पिना पनि पाइन्छ । भोलि गोरूलाई नार्नु छ, घुमाउनु छ । यसैले आज उसले पेटभरि खान पाउँछ । पेटभरि खान नपाए ऊ रिसाउँछ, असन्तोष पनि हुन्छ ।

विनोवाले कतै कुनै प्रसङ्गमा भनेका छन्- वेदमा युद्धको एउटा नाम 'मम सत्य' पनि राखिएको छ । मेरो सत्य, बस- मेरो सत्य । यहाँ युद्धको झझल्को देखिइँदैन । तर विवादको बीउ भने पक्कै पनि लुकेको छ, रोपिएको छ । गत वर्षको कुरा हो । त्यो बेला अफ्रिकाको कुनै भूभागमा एउटा भयङ्कर भाइरस फैलिएको थियो । त्यो भाइरसको नाम ई-बोला थियो । यस महामारी रोगले गर्दा कति हो कति मानिस मरे । त्यसको कुनै लेखाजोखा छैन । विवरण तयार गरिएन । मेरा एकजना मित्र हुनुहुन्छ । उहाँको नाम दिलिप चिँचालकर हो । त्यतिखेर उहाँले ई-बोलाको नाम फेरेर आई-बोला भाइरस पनि भन्नुभएको थियो अर्थात् म बोला भाइरस ।

हाम्रो यो यति प्रिय सत्य कति बेला एक्कासि अर्धसत्य लाग्न थाल्छ, भन्न सकिन्न । त्यसलाई छोडेर हामी बिलकुलै यसको उल्टो कुनै सत्यसँग जोडिन्छौँ । आफ्नो वरिपरि खोजखबर गर्दै हेरौँ । सानादेखि कहलिएका

ठूला नामधारी मानिस पनि विचार परिवर्तन गर्दै यताउता भौँतारिँदै गरेका देखिन्छन् । यसो हेर्दा यसलाई गलत भन्न पनि नसकिएला । मनुष्यको जीवन एउटा यात्रा हो । यस यात्रामा एउटा विचार यात्रा पनि गाँसिएको छ । राम्रो अर्थमा हेर्ने हो भने यो मनमस्तिष्कको खुलापन हो, स्वतन्त्रता पनि हो । हिजो हामी एउटा विचार लिएर हिंडेका थियौँ । आज त्यस विचारका केही सीमा देखेर हामीले त्यसलाई चटक्कै छोड्यौं-बिर्स्यौँ । यसलाई त गुण नै भन्नुपर्ला, गुण नै भनिएला । कोही बडो असल मानिस पनि छन् । उनीहरूले बम र बारूद बनाउँदै आफ्नो जीवन सुरु गरेका थिए । तर पछि गएर उनीहरूमा आध्यात्मिक ऊर्जा थपिएको देखिन्छ । यदि यो गुण हो भने अरूलाई पनि यस्तै छुट र अवसर दिनुपर्छ । तर हामीले त्यो दिन चाहन्नौं । पहिले कुनै एउटा विचारसँग मित्रता गर्छौँ । त्यसपछि फेरि भिन्नता हुन्छ । यसरी विछोड हुनु वा अल्गिनु षड्यन्त्र हो रे ! मात्र षड्यन्त्र !

जीवनको अर्थ के हो ? हामीले बुझ्नु जरूरी छ । हामीले कुनै एउटा विचार, एउटा समाज, एउटा परम्परामा निहित रहस्य खोजिरहन्छौँ । यसो गर्दा सायद हामीलाई सन्तोष होला । तर यसरी सबैले अर्थमय जीवन बाँच्ने बाटो पाउँदैनन् । असल जीवन यदि आफैँमा साध्य वा गन्तव्य भयो भने सायद हामी त्यहाँसम्म पुग्न पनि पाउँदैनौँ । यसमा बारम्बार भड्किने स्थिति भइरहन्छ ।

केही वर्षदेखि एउटा खास किसिमको नयाँ पढाइ हुँदैछ । र, दुई पुस्ताले यो पढाइ सकिसकेका पनि छन् । यस्तो शिक्षा पाएका धेरैजसो मानिस बंगलोर, हैदराबाद, पुणा  संयुक्त राज्य अमेरिका र युरोप आदि ठाउँमा गएर बसेका छन् । सार्थक जीवनको अर्थ मात्र अर्थ अर्थात् रूपैयाँ-पैसा कमाउनु भएको छ । यस अर्थमा समाजको यस तप्कालाई कुनै कमी छैन । तर उनीहरूको लागि पनि जीवनको अर्थ आकाशको फल आँखा तरी मरभुँ भएको छ । यिनीहरूको कमाइको एक भाग जीवन चलाउने कला सिक्नमै खर्च हुन्छ ।

यो कला सिकाउने मानिस पनि एक होइन, अनेक छन् । उनीहरूले लगाउने लुगाको रङ पनि शुद्ध सेतो, गेरु वा कलेजी रङको हुन्छ । संसारका लाखौँ मानिसले योग वा योगा गर्छन् । यस्तै ध्यान, जप र भजन-किर्तन पनि गर्छन् । अहिलेको संसार धर्मको नयाँ संसार पनि हो । धर्मको नयाँ बजार र धर्मको नयाँ मल पनि हो । कहिलेदेखि डोसा र पराठा नखाएको ? सोध्ने गुरुसमेत भेटिन्छन् । सामाजिक कार्यमा संलग्न भएका मानिसहरूलाई 'चेन्ज' (परिवर्तन) जस्ता शब्दबाट विशेष आकर्षण प्राप्त हुन्छ । धर्मरूपी यस बजारमा पनि 'चेन्ज' शब्द प्रचलित भइसकेको छ । यस आई क्यान चेन्ज ( हो, म बदल्न सक्छु पनि चलनचल्तीमा छ । र, अब त 'न्यु' (नयाँ) पनि यसमा लागेकै छ ।

हजारौँ मानिसले यी सब काम गरेर केही न केही फाइदा उठाएकै छन् । यसमा कुनै शङ्का छैन । उनीहरूको चञ्चले मन पनि शान्त र स्थिर भएको हुनुपर्छ । कलियुगमा धर्मको यस किसिमको अवतरण पनि राम्रै मानिन्छ । तर धर्मयुगसँग मिल्दोजुल्दो अर्को एउटा शब्द युगधर्म पनि छ । यस युगको प्रमुख धर्म हो, यस समयको प्रमुख विचार हो - विकास । प्रत्येक कुराको विकास । जस्तै सङ्गठन विकास, देश विकास, सहर विकास, गाउँ विकास, बाल विकास र महिला विकास आदि । प्रत्येक विचारका झण्डा यही विकासे झण्डामा आएर समाहित हुन्छन् । यस युगधर्मले जीवनको अर्थलाई पनि प्रभावित गरकै छ । हामी सबैले केही न केही काम त गरेकै हुन्छौं । चाहे जुनसुकै काम गरौँ, हामी सबैमा जानी नजानी यस विकासको छायाँ परेकै हुन्छ । यो अनायास र अकारण परेको भने होइन । हरिद्वारमा एउटा बाबाले 'फुड पार्क' बनाउँछन् । यस्तै अर्को एकजना बाबाले अमेठीमा यसै नामको मिल्दोजुल्दो नाम होइन, यही नाम राखेर फुड पार्क बनाउँछन् । एउटा बाबाको फुड पार्क बनेर तयार हुन्छ । तर अमेठीको फुड पार्क राजनीतिक खिँचलोमा फस्छ । तर ती दुवै बाबाको मन एउटै छ । विकाससम्बन्धी यस दौडमा हामी सबैलाई दुगुर्नु नै पर्छ ।

यस मुसा दौडमा दुगुर्नु नै पर्छ । पछि परौँ वा अघि बढौँ । यस किसिमको विचित्र दौडले हामीलाई मुसा बनाएको छ ।

अर्थमय जीवनको चर्चा निकै गम्भीर रूपले गर्नुपर्छ । यहाँ कोल, गोरु र मुसाजस्ता तल्लोस्तरको चर्चा गरिएको छ । यसैले तपाईहरू सबैसँग क्षमा माग्दछु । र, यस चर्चालाई अलिकति लिफ्ट दिन चाहन्छु । यसलाई थोरै माथि उठाउँछु । तीन दिन पहिलेको कुरा हो । 'लिफ्ट करा दे के'का गायक अदनान सामीलाई भारतीय नागरिकता प्राप्त भएको छ । उनले आफ्नो बयानमा भनेका छन्, " यो मेरो जीवनको सबभन्दा ठूलो उपलब्धि हो ।"यसबाट के बुझिन्छ भने उनको जीवन सफल भएको छ । र, उनको जीवन पनि अर्थमय बनेको छ ।

के साँच्चिकै यस्तै कुरो हो त ? अर्थमय जीवनसम्बन्धी यी मेरा आफ्नै साना परिभाषाहरू हुन् । भारतको आफ्नै जन्मसिद्ध नागरिकता त्यागेर अनेकन् मानिसहरू युरोप, अमेरिका, क्यानडा आदि देशको नागरिकता प्राप्त गर्न आतुर छन् । ती देशको पीआरका लागि मरिहत्ते गर्छन् । अर्कोतिर संसारमा आफ्नो नागरिकता सुरक्षित गर्न नसकेका मानिसको सङ्ख्या धेरै छ । एकातिर संसारमा युद्ध र गृहयुद्ध चलिरहेको छ । दादा देशहरूको थिचोमिचो पनि भइरहेको छ । यसले गर्दा केही लाख मानिस शरणार्थी हुन बाध्य छन् । उनीहरू यताउता भौँतारिँदै छन् । उनीहरूमाथि के गुज्रिरहेको होला ? उनीहरूको अवस्था कस्तो होला ? हामीले यसको कल्पना पनि गर्न सक्दैनौँ । संसार यस्तो छ । र, यस्तो संसारमा टाउको ढाक्ने छत हुनु त टाढाको कुरा हो । टाउकोमा एउटा ओत छैन र पेटभरि खान पनि पाइँदैन । एक छाकमा एक गाँस प्राप्त गर्नु नै उनीहरूको नियति बनेको छ । उनीहरूका निम्ति यही नै जीवनको अर्थ भएको छ । भारतीय स्वतन्त्रता सङ्ग्रामको मध्यतिरको कुरा हो । तिनताका गान्धीजीले भोकाका भगवानको कल्पना गरेका थिए । उसका अघिल्तिर भगवान पनि ढिंडोका रूपमा आउँछन् । यसबाहेक उनले अरू कुनै रूप धारण गर्न सक्दैनन्,

हिम्मत पनि गर्न सक्दैनन् । संसारका कैयन् विचारक, चिन्तक, क्रान्तिकारी आदिले अर्थमय जीवनसम्बन्धी यस ढिँडोको रूपबारे अनेक शास्त्रहरू बनाएका छन् । उनीहरूले यसलाई व्यवहारमा परिणत गर्नका निम्ति सङ्गठन पनि खोलेका छन् । तर ती समाजमा पनि जीवनको अर्थ बिल्कुलै प्रस्टिएको छैन । यसको कुनै पक्का रूप पनि देखिँदैन ।

लगभग २०/३० वर्ष अघिको कुरा हो । हामीले पानी र पोखरी आदि विषयमा केही काम गर्दै थियौँ । हामीमा यो विषय बुझ्ने जिज्ञासा थियो । यसैले यताउता भौँतारिँदै थियौँ । मेरो कारणले गर्दा केही अरू साथी पनि यस काममा लागे । उनीहरूले सामग्री जुटाएर मलाई सहयोग गरे । राकेश दीवान पोखरीसम्बन्धी अध्ययन गर्न मध्य प्रदेश र महाराष्ट्रको सिमानामा पर्ने बैतुल क्षेत्रमा गएका थिए । उनले त्यहाँ एउटा राजाको कथा सुने । पोखरी त यस कथामा थियो नै । तर यसमा सर्वप्रथम जीवनसम्बन्धी अर्थको खोज नै थियो ।

प्रायः राजा वा शासकको स्वभाव अरूभन्दा फरक हुन्छ । एउटा सांसारिक राजालाई के भएर हो कुन्नि, आफ्नो जीवनको अर्थ बुझ्ने इच्छा भयो । कुनै सल्लाहकारले उनलाई भन्यो कि ब्रह्म बुझेमा सबै अर्थ बुझिन्छ । यो कुरा सुनेर राजाले उनलाई भने, " त्यसो भए तिमीले नै ब्रह्मबारे भनिदिए हुन्न र !"राजाको जिज्ञासा थाहा पाएर उनले भनेका थिए, " महाराज, यो त ठूलो काम हो । मजस्तो अदना मानिसले ब्रह्म के हो ? बुझ्ने कुरै भएन । तर यति त पक्का कुरा हो - ब्रह्म बुझेमा सबै अर्थ बुझिन्छ ।"ब्रह्म भन्ने कुन चराको नाम हो ? यसबारे कसले भन्ला ? यो प्रश्न राजाले आफ्ना सबै भाइभारदारका अघि तेर्स्याएका थिए । उनले यस प्रश्नको उत्तर खोज्न चाहेका थिए । उनीहरूले सल्लाह दिएअनुसार राज्यका सारा ज्ञानी, साधुसन्त आदिलाई निम्त्याएर विज्ञान भवनमा एउटा वृहद् सम्मेलन गर्नुपर्ने भयो । यसो गरियो भने कसैले न कसैले त अवश्य ज्ञान देला, ब्रह्म के हो ? भन्ला नै । यति कुरा सर्वसम्मतिले निर्णय गरियो ।

ब्रह्म बुझ्न, जीवनको अर्थ बुझ्न र राजाको जीवन अर्थमय बनाउनका निम्ति एउटा विराट सभाको आयोजनाको तयारी हुन थाल्यो । राज्य मात्र होइन, राज्य बाहिरका ऋषिमुनि एवं ज्ञानीहरूलाई निम्तो पठाइयो । शासकहरूको पनि केही त सनक जाग्छ नै । ब्रह्म ज्ञानबारे भन्ने होइन, ब्रह्म ज्ञान सुन्ने तरिका के हो ? राजाले यो कुरा निश्चित गरे । गोलमेच वा राउण्डटेबुल कन्फ्रेन्स चाहिँदैन । राजाले आफ्नो कुरा यसरी भनेका थिए, " सम्मेलन स्थलमा म आफ्नो भव्य घोडाका साथ उभिनेछु । एउटा खुट्टा रिकाबीमा राखेर म घोडा चढ्नेछु । अर्को खुट्टाचाहिँ अर्कोतिरको रिकाबीमा पर्नासाथ ज्ञानीले ब्रह्मबारे भन्नुपर्छ । भन्न सकेन भने मैले आफ्नो एडीले घोडालाई सङ्केत गर्नेछु । र, मेरो सङ्केत पाएर घोडा भुर्र आकाशमा उड्नेछ । यति क्षण र यति सेकेण्डमा ब्रह्म ज्ञान दिनेलाई मनग्यै पुरस्कार दिएर पुरस्कृत गरिनेछ ।"यति छिटै भन्न नसक्नेलाई केही दण्ड गरिने कुरा पनि थियो । तर यहाँ त्यसलाई बेलिविस्तार लगाउनु आवश्यक छैन । 'रकाव में पाँव, ब्रह्म दिखाँव' अर्थात् रिकाबीमा खुट्टा - ब्रह्म देखाऊ । यो नै राजाको नारा थियो ।

यस कथालाई संङ्क्षिप्तमा यसरी भन्न सकिन्छ । राजाको खुट्टा रिकाबीमा पर्नासाथ घोडा भुर्र उड्छ । राजाको अर्थमय जीवन बनाउने चक्करमा कैयौँले कोर्रा खानुपऱ्यो । तर एउटा ज्ञानी आयो । राजाले खुट्टा उठाउनेबित्तिकै उसले चिच्याएर भन्यो, " अनिकाल परेको छ, तपाईलाई त ब्रह्मकै चिन्ता छ ।"यो चिच्चाइ सुनेर राजाले घोडा दौडाएनन् । उनी घोडाबाट ओर्ले । उनले ब्रह्म देखे कि देखेनन् ? यसै भन्न सकिन्न । सायद उनले ब्रह्म देखे होलान् । त्यसपछि राजा-प्रजा, साधु-सन्त, ज्ञानी र शारीरिक दण्ड भोगेका आदि सबै मिलेर थुप्रै पोखरीहरू बनाए । पोखरी बनिसकेपछि फेरि त्यहाँ कहिल्यै पनि अनिकाल परेन ।

समाजमा यस्ता कथाहरू बग्रेल्ती पाइन्छन् । यी कथाले जीवनको अर्थ बुझ्ने विभिन्न बाटोहरू खोल्छन् । यसबाट यो पनि प्रश्न उठ्छ- एक्लै जीवनको

अर्थ जान्ने हो वा अरूलाई पनि यसमा लगाउने हो । एक्लै कुनै गुफामा बसेर अर्थमय जीवनको लड्डु खाने हो अर्थात् एक वचन वा बहुवचनमा सबैलाई भोज दिएर । एक्लै उन्नति गर्ने हो वा अधिकांशका साथ धेरथोर भए पनि उन्नति गर्ने हो । यो मीठो रहस्य केही समयका लागि हो वा लामो समयका लागि । यस कथामा एउटा तह समय र कालको पनि छ ।

प्रायः हरेक समाजमा अर्थको खोज गरिन्छ । मानिसले यो काम केही हजार वर्ष पुराना शास्त्रअनुसार गर्छन् । शास्त्रीले भनेको तरिकाले गर्छन् वा एउटा मिस्त्रीको तरिकाले । यो पनि सोच्नुपर्ने कुरा हो । सोच्ने अर्को तरिका पनि छ । सोच्ने शब्द सजिलो लाग्छ भने यसलाई कठिन बनाए पनि हुन्छ । चिन्तन गर्ने पनि एउटा तरिका छ । चिन्तनको असर जीवनमा पर्छ ।

यो जीवन भन्ने कुरा स्वयंमा के हो ? हामी बाँचिरहेका छौँ । कहिले हामीलाई यो कुरा थाहा हुन्छ ? जन्मिनु अघिदेखि नै हामीले सास फेर्न थाल्छौँ । हाम्रो प्राण र हृदय आदि कहिले बन्छ ? हामीलाई थाहा हुँदैन । जीवविज्ञान र शरीरविज्ञान बुझ्नु पनि जरूरी छैन । जन्मेको केही समय पछिसम्म 'अबोध' रहनुपर्छ । तर अबोधको 'अ' हट्छ । बाल्यकालमा बोध हात पर्दैन । लाग्छ, तीन अक्षरको यो अबोध शब्दको 'अ' हट्नासाथ पूरै तीनवटा अक्षर हामीसँग विदा हुन्छन् ।

हामी न त अबोध हुन्छौँ न हामीलाई बोध हुन्छ, हामी को हौँ ? कहाँबाट आएका हौँ ? र, कहाँ जाने हो ? हामी अलमलमा छौँ । गन्तव्य थाहा छैन । त्यहाँसम्मको यात्रा गर्दा मजा पनि लिन्नौँ, आनन्द पनि लिँदैनौँ । आफैँसँग शिकायत गर्छौँ । शत्रुका कुरा छोडौँ, आफ्नै मित्र र आफ्नै समाजसँग शिकायत गर्छौँ । जसलाई खराब जमाना भन्छौँ त्यससँग शिकायत कति हो कति छन् । लाग्छ, हाम्रो सम्पूर्ण जीवन यात्रा शिकायतरूपी इन्धनले चलिरहेको छ । हाम्रो जीवनको यस गाडीले कालो मुस्लो फालेको फालै छ । यसले गर्दा रात दिन चौबीसै घण्टा नबिसाई फाल्छ । यसले गर्दा अरूको फोक्सो त बिग्रिन्छ, खराब हुन्छ । स्वयं आफ्नै फोक्सो पनि

बचाउन सक्दैनौँ । पहिले भनेझैँ हामी कोलका गोरु हौँ । एउटा पुरानो कथा छ । तैपनि सज्जन झुटो बोलिरहन्छ । बाल्यकाल खेलमा हराएर बित्यो । जवानी सुतेर खेर गयो । अहिले बुढ्यौली देखेर रुन मन लाग्छ । कवि शैलेन्द्रको यो कुरा बम्बईको फिल्मबाट लिइएको हो । दर्शनको यो एउटा लामो परम्पराको निचोड हो, निष्कर्ष हो ।

हजारौँ वर्ष पहिलेको कुरा हो । तिनताका एकजना ऋषि थिए । उनको नाम च्यवन थियो । उनले एउटा खास किसिमको चटनी बनाएका थिए । त्यो युग ब्राण्डनेमको युग थिएन । तैपनि त्यस चटनी अर्थात् प्राश (आयुर्वेदिक औषधी) को नाम ऋषिको ब्राण्डनेम च्यवन र प्राश मिलेर च्यवनप्राश भयो । हिजोआज त्यो चटनी जसले बनाए पनि यसको नाम च्यवनप्राश नै राख्ने गरिन्छ । तर यहाँ त्यो चटनीको चर्चा स्वास्थ्यको प्रसङ्मा गरिएको छैन । आयुर्वेदअनुसार यस चटनीमा ४५ किसिमका जडीबुटी, फलफूल, पात, सखर, अमला आदि मिश्रण गरेर बनाइन्छ ।

यो औषधी मामुली रुघाखोकीमा काम लाग्छ । यसले शरीरको थोरबहुत प्रतिरोधक क्षमता पनि बढाउँछ । ४५ वटा जडीबुटीले यो चटनी तयार हुन्छ । अब यहाँनेर एकछिन सोचौँ । एउटा पूर्ण अर्थमय जीवन बनाउन कति थरीका चीजहरू चाहिएलान् । अहिले हामी शरीर शास्त्रतर्फ नजाऔँ । त्यो मेरो काम पनि होइन । यसबारे मेरो योग्यता शून्य बराबर छ । तर एउटा जीवन सार्थक कसरी हुन्छ ? यसमा कति कुरा थपिन्छ ? घट्छ, गुणा हुन्छ र भाग हुन्छ । अलिकति सोचौँ । अनुकूल परिस्थिति, असल विचार, सङ्गति, उचित परिवेश र अवसर मात्रले जीवनको रूप बन्दैन । प्रतिकूल परिस्थिति, विसङ्गति, जय-पराजय, मनको शान्ति र होहल्ला, कोलाहल अर्थात् नयाँ भाषामा भन्ने हो भने जिन्दावाद-मुर्दावाद आदिबाट पनि जीवनको रूप बन्ने गर्छ ।

केही हजार वर्ष पहिलेको पुरानो इतिहास खोजेर पढौँ । महाभारतमा एउटा पक्षले जित्छ र अर्कोले हार्छ । तर त्यस विजयको परिणाम के हुन्छ ?

युधिष्ठिरले त्यस विजयबाट के पाउँछन् ? उनले यस बारेमा भनेका छन्, " यो जय त त्यो पराजयभन्दा पनि खराब चीज हो ।"अहिले यहाँ जय-पराजयको कुरा नगरौँ । मृत्युले पनि जीवन बनाउने गर्छ । आफ्नो पनि बन्छ र आउने पुस्ताको जीवन पनि बन्छ । यस्ता अनेकानेक उदाहरणहरू भेटिन्छन् । यहाँ ती सबैलाई यहाँ दोहोऱ्याउनु जरूरी छैन । तर आजभन्दा ६७ वर्ष पहिले अर्थात् सन् १९४८ मा यही महिनाको ३० गतेका दिन आफ्नो मृत्युबाट एउटा जीवन निकै अर्थमय भएको थियो । यो कुरा हामीलाई थाहै छ । (यहाँ यो प्रसङ्ग महात्मा गान्धीका बारेमा लेखिएको हो।)

४५ वटा चीज मिलाएर बनाइएको एउटा साधारण चटनी । प्राश र हाम्रो जीवन । हामीले त्यस तराजुमा आफ्नो जीवन तौलियौं भने एउटा अड्कल काट्न सकिन्छ । हामीले आफ्नो जीवन पौष्टिक, स्वादिष्ट वा भनौं सार्थक र अर्थमय बनाउनुपरेको छ । यसका निम्ति लाखैं-करोडौं चीजलाई छान्नु, भुट्नु, काट्नु, उमाल्नु र पिस्नुपर्छ । केही छैन भने पञ्चमहाभूत त चाहिन्छ नै । तर यो प्रकृति पनि बडो गजबको चीज छ । त्यसले जीवनलाई बढी सरल बनाएको छ । जीवनसम्म जानुअघि प्रकृतिले बनाएको अर्को एउटा चीज हेरौँ । बरको रूख छ । त्यसको बीउ तोरीको बीउभन्दा पनि सानो हुन्छ । यति सानो बीउबाट यत्रो विशाल बरको रूख तयार हुन्छ । त्यो पनि अरू रूखजस्तो एउटा फेद भएको होइन । यहाँ त अनगिन्ती फेदहरू छन् । ५-१० पुस्ताले त्यस बरको छायाँमा बस्न पाउँछ । यसैले भन्नैपर्छ, त्यसको उमेर पनि सार्थक र अर्थमय हुन्छ ।

बरको हाँगामा गुँड बनाएर अनगिन्ती जातिका चराचुरूङ्गी बस्छन् । र, लाखौँ चराहरूले त्यस रूखबाट प्राप्त भएका चारा खान्छन् । उनीहरूलाई कपास चाहिँदैन । बाँकी बच्यो – गाँस र वास । त्यस रूखले आफैँ यी दुवै दिएकै छ । हाम्रा नेताले जनतालाई गाँस, बास र कपास उपलब्ध गराउने बाचा गर्छन् । यसको नाममा उनीहरूले केके गर्दैनन् ? सबथोक गर्छन् । तैपनि केही फार्न भने सक्दैनन् ।

अर्थमय जीवन कसरी होला ? अब यसकै बारेमा कुरा गरौँ । यस्तो जीवनको निम्ति कति कुरा चाहिएला । च्यवनप्राशमा त ४५ वटा चीजहरू हुन्छन् । त्यसको गुणा र भाग गरेर यहाँ त लाखौँ-करोडौँ चीजहरू चाहिएलान् । कहाँ पाइएला ? कसरी पाइएला ? सबैको कति मूल्य पर्ला ? के सबैले एउटा चीजको एउटै मूल्यमा समान रूपले चीज पाउलान् ? ठीक छ, यी सबै पाइए रे । तैपनि सार्थक जीवन यात्राको प्रमाणिकता के होला ? मामुली रेलयात्रा र हवाईजहाजको यात्रा गर्दा आईडी प्रुफ, आधार कार्ड र नागरिकता चाहिन्छ । यीमध्ये एउटा भएन भने यात्रा गर्न पाइँदैन । कुरा यस्तो छ । के एउटा लामो सार्थक जीवन यात्रा आईडी प्रुफबिना गर्न सकिएला ?

स्थिति यस्तो छ । यसैले लामो सूची तयार गर्नुअघि केके चाहिन्छ ? बजारमा उत्पादित वस्तुतिर लागौँ । च्यवनप्राशभन्दा यो अलग कुरा हो । फ्रान्समा Scent (अत्तर अर्थात् सुगन्ध) को ठूलो कारोबार हुन्छ । त्यहाँ श्नेल नाम गरेको एउटा कम्पनी छ । हुन त यसले अनेक वस्तुहरू उत्पादन गर्छ । सायद एकाध करोडका हाते घडीहरू पनि । यसले श्नेल-५ भन्ने सेन्ट पनि उत्पादन गर्छ । यही सेन्ट उत्पादन गरेर यो कम्पनीले नाम कमाएको छ, प्रसिद्ध भएको छ । एउटा अत्यन्त सुन्दर सानो शिशीको मूल्य आठ हजार पर्छ ।

संसारमा शौकिन मानिसहरूको कमी छैन । यस्ता मानिसबीच यस सेन्टले निकै नाम कमाएको छ । सबैले यसलाई मन पराउँछन् । यसमा पनि च्यवनप्राश जस्तै निश्चित चीजहरू मिसाइएको हुन्छ । जस्तै गुलाबका कैयौँ टन कोपिला आदि चाहिन्छ । फ्रान्सका खेतबारीबाहेक संसारका विभिन्न वन-कृषि, घना जङ्गल आदि ठाउँबाट यी सब सामग्री ल्याइन्छ । यदि कुनै वर्षमा यस सूचीबाट एउटै चीजको मात्रा पुगेन र त्यसको गुणवत्ता भएन भने श्नेल-५ को उत्पादन स्थगित गरिन्छ । यस कम्पनीले पनि महँगो सुगन्धको सार्थकता देख्दैन । तर जीवनको सुगन्ध ? प्रकृतिले जीवनरूपी सार्थक

सुगन्धका साथ श्नेल-५ जस्तो काम गर्ने हो भने सायद जीवन नै चल्ने थिएन । सबैको जीवन स्थिर र ठप्प हुने थियो ।

जीवन सार्थक पार्न केके चाहिन्छ ? यसको साटो केके चाहिँदैन ? भन्ने सूची पनि काम लाग्छ । आँखा छैन, कान छैन र मुख पनि छैन अर्थात् कानी, बहिरी र लाटी । अमेरिकाकी हेलेन केलर लाटी थिइन् । उनले आफ्नो जीवनको अर्थ मात्र पूर्ण गरिनन्, आउने लाखौँ मानिसलाई पनि बाटो देखाइन् । संसारभरि उनको जीवनी पढिन्छ । उनका सुक्तिले कठिन र निराश परेका कैयन् मानिसलाई सम्बल र सहारा दिँदैछ । यस्तै एउटा उदाहरण पनि छ । यो उदाहरण लुई ब्रेलसँग सम्बन्धित छ । उनले आफ्नो बाल्यकालमा यो संसार, यसका सबै रङ र पूर्ण इन्द्रधनुष स्पष्ट देखेकी थिइन् । तर पछि गएर उनका आँखा फुटे र उनी कानी भइन् । उनका लागि चारैतिर चुकजस्तो अँध्यारो भयो । उज्यालो देखेपछि अँध्यारो झन् ज्यादा कालो हुन्छ । यो थाहा भएकै कुरा हो ।

लुई ब्रेलले अँध्यारोलाई उज्यालो पारिन् । उनले लिपि र स्क्रिप्ट आविष्कार गरिन् । नेत्रहीन मानिसले यो लिपिमा लेखिएको भाषा पढ्न सक्छन् । उनले निकै ठूलो र महत्वपूर्ण काम गरेकी थिइन् । तर बाँचुञ्जेल उनले कुनै प्रशंसा र प्रेम पाएकी थिइनन् । तर उनको मृत्युपछि मात्र फ्रान्सले उनको सार्थक जीवनको महत्व बुझ्यो । त्यसपछि सारा संसारमा उनको नाम फैलियो, प्रसिद्ध भएको थियो । हिजोआज लुई ब्रेलले बनाएको लिपि पढिन्छ । नेपाली र हिन्दी भाषामा पनि यसको पढाइ हुन्छ ।

यस धर्तीमा हेलन केलर र लुई ब्रेलजस्ता कति हो कति विभूतिहरू जन्मिएका छन् । यिनीहरूको जीवनी पढेर हामीले सिक्नुपर्छ, शिक्षा लिनुपर्छ । आफ्नो जीवनमा चाहे जति पनि दुःखकष्ट आइपरोस्, समस्या होस्, पैसा, प्रेम, मानसम्मान, अवसर, उन्नतिको कमी होस् वा यी सबै नभए पनि जीवन रुक्दैन, अविरल इन्द्रावतीझैँ बगिरहन्छ । जीवन रुक्नु पनि हुँदैन अर्थात् सङ्कट । यस्तो कुनै जीवन छैन जसमा हिजो वा आज आपत-विपत

नपरेको होस् वा भोलि नआउला, यो हुनै सक्दैन । आपतकाल घोषणा गर्ने हैसियत भएकी इन्दिरा गान्धीको जीवन पनि आपतबिनाको थिएन ।

मेरा पिताजी कवि हुनुहुन्थ्यो । उहाँको एउटा निकै सानो कविता छ । उहाँले त्यस कवितामा निरापद कोही छैन भन्नुभएको छ । न तिमी, न उनी र न म नै । कसैको जिन्दगी दूधले धोएको हुँदैन । यदि आफ्नो जीवनमा कुनै दाग देखियो भने म आफैँ आफ्नो धोबी बन्नुपर्ला, आफ्नो जीवन आफैँ धुनुपर्ला । हामीले अरूमा लागेको दाग बारम्बार देखिरहन्छौँ । यो नयाँ कविता छोडेर अब एउटा पुरानो कविता यानि भजनतिर लागौँ ।

कविरको एउटा सुन्दर भजन छ- 'वा घर सबसे न्यारा ।' कुमार गन्धर्वजीले आफ्नो मीठो स्वरले यसलाई झन् सुन्दर बनाउनुभएको छ । यस भजनमा यो घरभन्दा त्यो घरको परिचय दिइएको छ । यहाँ यस जीवनमा धेरैजसो कुराहरू भरिभराउ छन् । तर त्यो न्यारे (असाधारण) घरमा त केही पनि छैन । कविरले आफ्नो विशिष्ट शैलीमा अगाडि यसरी भन्दछन्," त्यो असाधारण घरमा वेद पनि छैन । यस घरको जीवनमा त वेद, गीता, गुरुग्रन्थ, कुरान र बाइबल आदि सबथोक छन् । र, यतिखेर यिनैका कारण संसारमा थरीथरीका झैझगडा, मारपिट र लफडा मच्चिएको छ जो नहुनुपर्ने हो तर ती भइरहेका छन् । बन्द हुने छाँटै देखिँदैन । त्यो असाधारण घरमा मूल, फूल, बेल र बीउ केही पनि छैन । न धर्ती छ न आकाश । न बाहिर-भित्रजस्तो कुनै कुरा नै छ । ज्ञान र ध्यान दुवै त्यहाँ पाइँदैनन् । त्यहाँ पाप पनि छैन । कविरले अगाडि निकै महत्वपूर्ण कुरा गर्दै भन्छन्- त्यहाँ पुण्यको फैलावट पनि छैन । साँच्चिकै हाम्रो जीवनमा पुण्यको ठूलो फैलावट हुने गर्छ । हेर्दा यो बडो सार्थकजस्तो देखिन्छ तर प्रायः यसको फैलावट यति विस्तृत हुन्छ, आफूले गरेको पुण्यका अघि हामीले बाँकी सबैलाई पापी नै देख्छौँ अर्थात् आफ्नो जीवनको सार्थकता र शेष सारा जीवनको निरर्थकता । यही वृत्तिका कारण देशका प्रधानमन्त्रीसमेत उम्कन पाउँदैनन् ।

त्यो असाधारण घरमा यस्ता कुरा पाइँदैन । हामी त्यहाँ कहिले जाने हो ? जाने हो कि होइन ? यो पनि थाहा छैन । तर हामी सबै यस घरमा त बसिरहेकै छौँ । अलिकति पनि कोसिस गर्ने हो भने कविरको यस असाधारण घरको छानाबाट दुई-चारवटा सुकेका घाँसका टुक्रा त हामीले आफ्नो यस जीवनमा ल्याउन सक्छौँ नै । कविरले यही भजनको एउटा पङ्क्तिमा यसरी भनेका छन्- त्यो असाधारण घरमा बिनाज्योति नै उज्यालो छ ।

मैले सुरुमै यस्ता सभाहरूमा एउटा दियो प्रज्ज्वलित गर्ने कुरा भनेको थिएँ । म फेरि भन्छु- जहाँ बाल्न सकिन्छ, त्यहाँ मानिसले बालून् । तर हिजोआज बलेन भने कविरको त्यो असाधारण घरलाई सम्झनुहोस् । मलाई पूर्ण विश्वास छ, अर्थमय जीवनमा जीवनको अर्थ बुझ्ने यो सानो प्रयास हो । र, यस प्रयासमा तपाई सबैको उपस्थिति छ । यस उपस्थितिका कारण तपाईहरूले पनि बिनाज्योति नै उज्यालो देख्नुहुनेछ ।

(प्रस्तुत लेख ४ जनवरी, २०१६ का दिन सेडेडद्वारा भारतको नयाँ दिल्लीमा आयोजित व्याख्यान मालाका निम्ति लेखकद्धारा प्रस्तुत कार्यपत्र हो । भारतको प्रसिद्ध पत्रिका 'नयाँ ज्ञानोदय' ले आफ्नो मार्च २०१६ अंकमा हिन्दी भाषामा यो लेख प्रकाशित गरेको थियो ।)